# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौ अधिवेशन

## (सोह्रौं बैठक)

## कारवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६/११/२८ गते विहानको ११.०० बजे

आज मिती २०७६/११/२८ गते विहानको ठिक ११.४४ बजे गण्डकी प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशनको सोह्रौ बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारी ज्यूको अध्यक्षतामा प्रारम्भ भयो।

### माननीय सभामुख-

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु बस्न म अनुरोध गर्दछु। माननीय सदस्यहरु बस्न म अनुरोध गर्दछु। माननीय सदस्यहरु म बस्न अनुरोध गर्दछु। माननीय सदस्यहरु अब प्रतिपक्ष दलको नेताहरु उठ्नु भएको छ,सदस्यहरु उठुनु भएको छ। आफ्नो विषय केही छ भन्देखिन राख्नको लागी म प्रतिपक्ष दलको नेतालाई अनुरोध गर्दछु।

**माननीय श्री कृष्णचन्द्र पोखरेल नेपाली** -

सभामुख महोदय, म विषयवस्तुमा प्रवेश गर्नु भन्दा अगाडि आज करिब करिब दुई बर्षको अन्तरालमा हामी दललाई एउटा अलग अफिसको मेनेज गरेर हस्तान्तरण गर्नु भएकोमा म सभामुख महोदयलाई धन्यवाद दिन चाहान्छु। र म विषयतिर जान चाहान्छु। सभामुख महोदय, आज भन्दा दुई वर्ष पहिल्यै प्रदेश सभा जब अस्तित्वमा आयो गण्डकी प्रदेश पछि हामीले नामाकरण गर्यौं। तापनि सबै प्रदेशबासीको हृदयमा यो गण्डकी प्रदेशकै रुपमा थियो। यो दुई वर्षको अन्तरालमा यद्यपि भर्खरै गण्डकी प्रदेश सरकारले आफ्नो दुई वर्षको कार्यकाल पूरा गरेको सन्दर्भमा एउटा समारोह सम्पन्न पनि गरेको छ। यद्यपि सरकारले, सरकार प्रमुखले त्यो भव्य समारोहमा अभिव्यक्तिहरु दिदै गर्दा कतिपय

अभिव्यक्तिहरु हामी तिर लक्षित भएको पनि हामीले महसुस गरेका थियौ। तर त्यसलाई हामीले स्वाभाविक रुपमा लियौं। सभामुख महोदय, यो दुई वर्ष, यो हाउस यो प्रदेश सभाको गरिमा कसरी बढाउने, कसरी एउटा जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने र कसरी सत्ता पक्षलाई सकभर विकास निर्माणको लागि सरकार सञ्चालनको सन्दर्भमा पनि विना पुर्वाग्राह सकारात्मक बन्ने भन्ने कुरामा प्रमुख प्रतिपक्ष दल लगायत हामीहरु जिम्मेवार बन्यौं। सभामुख महोदय,म स्मरण गराउन चाहान्छु। प्रदेश सभा सञ्चालनमा आइसकेपछिका दिनहरुमा सबैभन्दा ठूलो चुनौतीको रुपमा यो प्रदेश सभा सञ्चालन गर्ने एउटा नियम नियमावलीको अभाव रह्यो र एउटा टेबुल पनि भयो र आज दुई वर्ष भैसकेको अवस्था छ। भर्खरै त्यो टेबुल त्यो बिधेयक विधायन समितिबाट बहुमतका आधारमा यहाँ आएको हो।आएको अवस्था छ।यो वीचमा हाम्रो एउटै के भनाई थियो भने सचिवालय सञ्चालनका दुईटा पाटा हुन्छन्। एउटा समष्टिगत रुपमा प्रदेश सभालाई कसरी सञ्चालन गर्ने त्यो एउटा समितिको जरुरत पर्छ।जुन जरुरतलाई महसुस गरेर सभामुखज्यूकै अध्यक्षतामा कानूनले नचिनेता पनि व्यवहारले एउटा समिति पनि यहाँ बनेको थियो र हाम्रो भनाई के थियो भने त्यो समिति अलग हुनुपर्छ। व्यवस्थापनमा र सचिवालय सञ्चालन गर्ने कुरा फरक हुनुपर्छ भनेर हामीले त्यतिखेर हाम्रा कुराहरु हामीले राख्यौं र दुई बर्षको अन्तरालमा त्यो तर्फ खासै ध्यान दिइएन। सभामुख महोदय त्यति मात्रै हैन यही बार्षिक कार्यक्रम प्रकाशित हुदै गर्दा बजेटमा भएका कमजोरीहरु,त्रुटिहरु एउटा जिम्मेवार प्रतिपक्षको हैसियतले हामीले औल्यायौं। पार्सियल्ली सरकारले त्येलाई सच्चाए पनि र हामीले भन्यौं कि सरकार जहिले पनि जिम्मेवार हुनुपर्छ।प्रतिपक्ष भनेको यो व्यवस्थाको एउटा अंग हो।यसलाई सम्मान,यसको आवाज सुनिनुपर्छ।प्रत्येक माननीय ज्यूहरुको आवाज सुनिनुपर्छ।भलै हामी दलिय हिसाबमा जुनसुकै दलमा आबद्ध किन नहौं। हाम्रो भनाई रहयो र पनि बार्षिक कार्यक्रम प्रकाशित गर्दा खेरी इन्टेन्सनल्ली उद्देश्यका साथ हाम्रा माननीयहरु खास गरीकन मैले भन्नै पर्छ कि राजधानीमा नै प्रतिनिधित्व गर्ने त्यो पनि नेपाली काँग्रेसबाट प्रतिनिधित्व गर्ने बिन्दु थापा जी को निर्वाचन क्षेत्रमा या उहाँको भनेका योजनाहरु एउटा पनि पारिएन यस्तै नवलपुरबाट प्रतिनिधित्व गर्ने माननीयजीको ओमकला गौतमको सिफारिसमा एउटा पनि परेन यी सबै कुराहरुलाई लिएर

हामीले बिरोध गर्यौं र मुख्यमन्त्रीजी सँग हाम्रो बार्ता भयो, सरकार सँग बार्ता भयो। हामीलाई आश्वासन दिइयो के भनियो भने ठिक छ अब त्यो हुदैन म सवलाई समान हेर्छु। र यो प्याकेजमा जुन कार्यक्रम गएका छन त्यसको हामीले बिरोध गर्यौं र प्याकेजको कार्यक्रमको हकमा म तपाईहरुसँग प्रतिपक्षको प्रतिनिधि राखेर अनि मात्रै त्येलाई विनियोजन गर्छु, कार्यबिधि बनाउँछु। धेरै आश्वासनहरु हामीले पायौं। तर अहिले सम्म आईपुग्दै गर्दा ती प्याकेजका प्रोग्राम पोका बजेटहरुबाट विभिन्न तरिकाले वितरण भईराखेको छ तर हामीलाई चाँही वेवास्ता गरिएको अवस्था छ। यसरी हामीले तैपनि हामीले के गर्यौं भन्दा खेरी यसलाई अगाडी बढोस भन्ने हाम्रो सदासयता रहयो तर सरकारले एकै दुई तिहाइको दम्भ भन्ने एउटा शब्द छ। मलाई लाग्या थियो केन्द्रमा होला तर प्रदेश सरकारमा त्यो दम्भ बोकदैन कि भन्ने हामीलाई मान्यता थियो। तर त्यही भित्र रहेर हाम्रा कुराहरु चाँही सुनवाइ भएनन। त यस अर्थमा म सभामुख महोदय मार्फत यी बिगतका जे जति छन जे जति कतिपय कुराहरु एक प्रकारको जेन्टलमेण्ट एग्रीमेण्ट पनि हुन्छ। सरकार चलाउँदै गर्दा बिधान त छ नै त्यो भन्दा बाहिर पनि केहि कुरा हुन सक्छन। ती कुराहरुलाई पनि वेवास्ता गरियो। र जँगार तर्ने लठ्ठी फ्याक्ने भने जस्तो अफ्ठयारो पर्दा सम्झौता अनि त्यसपछी बिर्सने जुन सरकारको प्रबृत्ति छ त्यसप्रति हाम्रो घोर आपत्ति छ। र अहिले आएर निर्वाचन क्षेत्र पुर्वाधार बिकास कार्यक्रम जुन छ जुन कार्यक्रम सभामुख महोदय ल्याउनको लागि मैले भन्नै पर्छ। कतिपय अरु प्रदेशमा के भयो मलाई थाहा छैन। हामीले शुरुदेखि विकास सँग संसदहरुलाई जोड्ने हो भने जोड्नु पर्छ। त्यो भनेको के हो भन्दा खेरी निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम आउनु पर्छ भनेर हामीले भनेको हो यद्यपि एक कार्यकाल एक बर्ष सरकारले त्यसलाई सुनेन र पछि आएर त्यो कार्यक्रम ल्यायो जसलाई हामीले स्वागत पनि गर्यौं। त्यसपछि एउटा कार्यविधि बनायो सरकारले कार्यविधि बनाउदै गर्दा कार्यविधि कस्तो बन्यो त्यो अर्को पाटो होला तर बनिसकेपछि कार्यविधिलाई फ्लो गर्ने कुरो सरकारको हामी सबैको त्यो कर्तब्य हो। त्यस अनुसार अहिलेको कार्यविधिले के भन्यो भने सभामुख महोदय भने यदि त्यो समिति अर्थात निर्वाचन क्षेत्र भित्रका माननीय जीहरुको वीचमा सहमति भयो भने सहमति ठिक छ भएन भने तेल्लाई चाहिने यता मन्त्री मुख्यमन्त्रीजी कै कार्यालय मुख्यमन्त्रीजीले निर्णय गर्ने भन्ने किसिमको त्यहाँ बन्यो

र यो पनि सभामुख महोदय मार्फत म सरकारलाई भन्न चाहान्छु।कि यो निर्णय गर्ने सन्दर्भमा धेरै जिल्लामा हाम्रा साथीहरुलाई अपमानित पनि गरियो।एउटा दिनी र लिनीको हिसाबले तिमीले यति लिउ उति लिउ यि सब कुराहरुले अपमान गर्दा खेरी त्यहाँ मिल्न सकेन।र त्यो चिज आयो मुख्यमन्त्रीजी कहाँ र मुख्यमन्त्री जी सँग हाम्रो के अनुरोध हो भने औपचारिक हाम्रो डेलिगेसन हामीले गएर भन्यौं भन्दा उहाँले भन्नु भयो स्पष्ट भन्नु भएको छ।यात सहमतिमा आउनुपर्छ हैनभने एम पि हरु मेरो लागि समान हो समानताका आधारमा डिसीजन गर्नु पर्छ भन्ने आशय उहाँले ब्यक्त गर्नु भएकै हो र रोष्टममा पनि त्यो कुरो भन्नु भएको हो।तर पछि आईसकेपछि त्यो नभैकन एउटा दिने र लिने हिसाबले बीस प्रतिशत तीस प्रतिशत यसरी गरियो सभामुख महोदय कुनै पनि निर्णयमा पुग्नु भन्दा अगाडि यदि निर्वाचन क्षेत्रमा डिउ प्रोसेसमा गएन सम्मानित भएन र यहाँ आईपुगेको अवस्थामा मुख्यमन्त्रीजीले सम्वन्धित माननीय ज्यूहरुलाई राखेर कन्भिन्स गरेर एउटा डिसीजनमा पुगेको भए हामीलाई केही भन्नु थिएन यदी त्यो होईन भने यो एस.एल.सी.को रिजल्ट गरे जस्तो झै गरेर टाँगेर छोडदिएर चाँही त्यो दायित्वबाट पन्छिन मिल्दैन किनभने कार्यविधीले सबै एमपीहरुलाई समान रुपमा हेरेको छ।एउटा प्रकृया फरक होला तर पनि उहाँहरुको पोजिशन इक्वायल यस अर्थमा यो जो वितरण भएको छ।यसमा हाम्रो घोर आपत्ति छ।हामी त्येलाई बिरोध गर्न चाहान्छौं।र अर्को के हो भन्दा खेरी सचिवालयको। म स्मरण गराउन चाहान्छु सभामुख महोदय मार्फत सरकारलाई कुनै बेला दुग्ध विकास बोर्डको ऐन यहाँ आएको थियो।कतिपय कुराहरु व्यावहारिक रुपमा हामीले त्यसलाई सुनेकै हौं। त्यसलाई हामीले बाहिर धेरै कुराहरु सुन्न पनि पर्यो। हामीले सोच्यौं। यो विकास निर्माणको सन्दर्भमा पहिलो पटक भएको हुनाले कतिपय कुरा हामीले कन्सीडर पनि गर्‍यौं यसरी हामी आफ्नो पोजिसनबाट जहिले पनि नरम भयौ तर यो चाहिने संसद सचिवालयको नियमावली र संसद सचिवालयमा एज अ होल हेर्ने एउटा समिति हुनुपर्छ जुन समितिमा सबै दलको प्रतिनिधित्व हुनुपर्छ भन्ने हाम्रो जुन अडान हो त्यो अडान यथावत छ।र यो अडानलाई यी हाम्रा यी कुराहरुलाई यदी पेलेर बाइपास गरेर बहुमतका आधारमा जाने यदी सोच सरकारले राखेको छ भने तेल्लाई यतिमात्रै भन्नु के छ भने हामी हाम्रो पोजिसनमा रहन्छौं र कुनैपनि हालतमा यी कुराहरु जबसम्म पुरा हुदैनन तबसम्म हाम्रो यो हाउस

अबरोध रहन्छ भन्ने अनुरोध गर्दै यिनै कुराहरु सभामुख मार्फत सरकार तिर राख्दै मेरा भनाईहरु यही बन्द गर्न चाहान्छु।

## माननीय सभामुख-

माननीय सदस्य,कुरा राखि सक्नु भयो अब केही बिषयहरु सरकारको ध्यानाकर्षण भएको छ।अब तपाईहरुको सम्बोधन पनि हुन्छ भन्ने लाग्छ। जस्तो सचिवालयको बिषयमा मेरो नेतृत्वमा बनेको समिति बिघटन भएको छैन। त्यसको आवश्यकताको आधारमा बैठक बस्दै गर्छ। जे उठाउनु भएको छ र बसेर यो सदन सुचारु गर्नका लागि म अनुरोध गर्दछु। माननीय सदस्यहरु, बसेर यो सदन सुचारु गर्नका लागि सहयोग गर्न म अनुरोध गर्दछु। माननीय सदस्य, बस्दिन म अनुरोध गर्दछु। प्रमुख प्रतिपक्ष दलले उठेर विरोध जनाईरहेको हुनाले यो सदन अबरुद्द रहेको छ।

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल फागुन २९ गते दिनको १.०० बजे सम्मको लागि स्थगित हुन्छ।